annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८ पृष्ठ ८ | काठमाडौं, सोमबार ७ जेठ २०८१ | वैशाख शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४४ | MONDAY, MAY 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## गतिरोध हट्यो, गतिरोध हटेन

### अन्ततः गृहमन्त्रीले बोल्न पाए, संसदीय समिति बनाउने सहमति भयो, तर कार्यक्षेत्रमा कुरा मिलेन

मूल रूपमा गृहमन्त्री लामिछाने र कांग्रेस महामन्त्री गगन थापाको दोहोरीमा संसद्का धेरै दिन खेर गइसकेका छन् । आइतबार लामिछानेले संसद्मा बोलेको प्रत्युत्तर थापाले संसद् परिसरबाटै पत्रकार सम्मेलन गरेर दिएका छन् ।

**दिनेश गौतम/राधा खनाल** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



**एक दिन एकछिन शान्त संसद् : प्रतिनिधिसभाको आइतबारको बैठकमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले बोलेको क्षण । त्यसपछि यो शान्ति पुनः खलबलियो ।** ● रासस

## करोडौंको जग्गा व्यक्तिको नाममा

### मालपोतका कर्मचारीविरुद्ध मुद्दा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

करोडौं मूल्यको सार्वजनिक जंगलको जग्गा व्यक्तिको नाममा कायम गरिएको खुलासा भएको छ। कैलालीको साविक नारायणपुर-८ अन्तर्गतको कित्ता नं. ९०८ को फिल्डबुकको जंगल भनी कायम भएको १५ बिघा जग्गा व्यक्ति विशेषको नाममा कायम गरिएको पाइएको छ। मालपोत कार्यालय टीकापुरले २०६८ सालमा त्यो सार्वजनिक प्रकृतिको जग्गाको कित्ताकाट गरेर व्यक्तिको नाममा बनाइएको थियो।

२०२१ सालमा जंगल जनिइसकेको कित्ता नं. १३९ बाट कित्ताकाट भई जंगल नै कायम रहेको कित्ता नं. ३५१ को २७ बिघा १४ कठ्ठा १७ धुर सरकारी सार्वजनिक जग्गामध्ये १५ बिघा बिन्द्रा रावल, कमलबहादुर रावल, सुशीलबहादुर रावल, बिमलबहादुर रावलको संयुक्त नाममा श्रेस्ता पुर्जा कायम गरी हक हस्तान्तरण गरेको पाइएको छ। पछि त्यो जग्गाको दर्ता श्रेस्तासम्बन्धी सम्पूर्ण कागजातहरू कार्यालयको अभिलेखबाट समेत नष्ट गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानबाट खुलेको छ।

अख्तियारले करोडौं मूल्यबराबरको जंगलको जग्गा व्यक्तिको नाममा कायम गरेको भन्दै कैलाली मालपोत कार्यालयका तत्कालीन प्रमुख मोहन स्नेही सराइली र नापी कार्यालय प्रमुख मानबहादुर चन्दसहित ८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

मालपोत कार्यालय, टीकापुरका तत्कालीन नायब सुब्बा अग्निबहादुर शाही, सर्भेक्षक दशरथ मण्डल, आफ्नो नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा बनाउने बिन्द्रा रावल, कमलबहादुर रावल, सुशीलबहादुर रावल र बिमलबहादुर रावललाई अख्तियारले प्रतिवादी बनाएको छ।

उनीहरूले २०८०/२०८१ को मालपोत कार्यालय टीकापुरको न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लिखित २४ करोड ६ लाख ६९ हजार सार्वजनिक सम्पत्तिको हानिनोक्सानी पुऱ्याएको आरोपपत्रमा उल्लेख छ। चलन चल्तीको मूल्य त अझै धेरै हुन्छ। भ्रष्टाचार निवारण ऐनबमोजिम कैद तथा बिगोबमोजिमको जरिवाना गरीको माग दाबी पनि गरिएको अख्तियारका प्रवक्ता एवं सहसचिव नरहरि घिमिरेले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## अब नेपालमा बैदिक सनातन खेती प्रणाली



**अभिराज आचार्य**

इजलास

नेपाल भूमि बैदिक र तन्त्रभूमि पनि हो। यहाँ धेरै मन्त्रद्रष्टा ऋषि र ऋषिका पनि थिए। उहाँहरूले दिएका मन्त्रहरूको समूलरूप वेद हो। साधनाभूमि पनि हो नेपाल। तन्त्रका दृष्टिले हेर्दा हरेक पहाड शिवलिंगको रूपमा छन्। कमलदलको रूपमा काठमाडौं उपत्यकाको भूमि छ।

नेपालको सम्पूर्ण भूमिको सन्दर्भमा भारत वर्षलाई हेर्ने हो भने माता सीताको प्रकट यही भूमिमा भएको छ। जनक राजाको हलो जोत्ने प्रसंगले हामीलाई के सन्देश दिन्छ भने कृषिमा आधुनिकीकरण त्रेतायुगदेखि नै नेपालबाटै सुरु भएको हो। वेदमा पनि कतैकतै यो सन्दर्भ छ। यसमा पनि सीता माताको प्रकट यो भूमिमा हुनु अझ बढी महत्व बनेको प्रमाण मिल्छ। यो सन्दर्भलाई श्रीस्वामी समर्थ नास्तिक भारतका प्रमुख शिष्य नितिन श्रीराम मोरेले पनि कृषिको प्राचीनतम स्वरूप नेपालमै पाइने बताएका थिए। ५ करोडभन्दा बढी फलोअर्स भएको यो संस्थाले यसरी नेपाललाई महत्व दिएर खेतीको सुरुआत नेपालबाटै भएको हो भन्नु नेपालका लागि गर्वको विषय हो।

श्रीस्वामी समर्थ सेवा एवं आध्यात्मिक विकास मार्ग नेपाल बैदिक सनातनी गुरुपरम्परामा आधारित संस्था हो। जसले जीवनवृत्ति निर्वाहका लागि आधुनिक युग सुहाउँदो बनाउन र समृद्धि प्रदान गर्न १८ विभिन्न विषय र क्षेत्रका विभागमार्फत काम गर्छ। नेपालको स्वायत्त संस्था यसले पनि १८ मध्ये एक कृषिमा केन्द्रित काम गर्छ।

नेपालमा रासायनिक मल प्रयोगले बिग्रिएकाले बैदिक परम्पराबाट खेतीकिसानी गर्न सकिन्छ भनेर हामी लागेका छौं। गौसेवा गरी पञ्चगव्यको प्रयोग, मन्त्र र स्त्रोत्रहरूको प्रयोग, प्रांगारिक मल आदि प्रयोग किसानलाई गाउँ-गाउँमै पुगेर निःशुल्क सिकाउँछौं।

*(आचार्य श्रीस्वामी समर्थ सेवा एवं आध्यात्मिक विकास मार्ग नेपालका अध्यक्ष हुन्।)*

हार्दिक आभार

यहाँहरुको साथ, सहयोग र विश्वासले आज हामी GLOBAL FINANCE MAGAZINE को BEST BANK AWARD 2024 बाट नेपालको सर्वोत्कृष्ट बैंकको रुपमा सम्मानित भएका छौं ।




Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np